नेपाल सरकारको स्वामित्व भएको

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०७७/७८
चलानी नं. : ९८२

मिति : २०७७/११/१८

श्री सांग्रीला डेभलपमेण्ट बैंक लिमिटेड
बालुवाटार, काठमाडौं ।

विषय : **सचेत गराउदै धितोपत्रको दोस्रो बजार कारोबार फुकुवा गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस लिमिटेडमा सूचीकृत सांग्रीला डेभलपमेण्ट बैंक लिमिटेडको (SADBL) प.स.०७७/७८, च.नं. ९७४, मिति २०७७/११/१६ को प्राप्त पत्रानुसार कम्पनीले लाभांश दिने प्रस्तावको पत्र नेप्सेमा धितोपत्रको दोस्रो बजार कारोबार समय चलिरहेको समयमा किन १२:३४ बजे पठाएको भन्ने यस लिमिटेडको पत्रका सम्बन्धमा, कम्पनीले पठाएको पत्रमा सञ्चालक समितिको लाभांश वितरण गर्ने प्रस्तावको निर्णय सकिनासाथ तुरुन्त जानकारी गराउने मनसायका साथ १२:३४ बजेनै तहाँ कार्यालयमा पठाएकोमा अबका दिनमा धितोपत्र विनियमावली, २०७५ २२(१)(घ)मा भएको व्यवस्था बमोजिम गर्ने जानकारी गराएको । आगामी दिनमा यस्ता विषय प्रति संवेदनशिलतालाई मध्यनजर गर्नुहुन सचेत गराउदै, कम्पनीको बन्द रहेको धितोपत्रको दोस्रो बजार कारोबार मिति २०७७/११/१८ को निर्णयानुसार मिति २०७७/११/१८ देखि फुकुवा गरिएको व्यहोरा अनुरोध छ ।

बोधार्थ :

श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा - आ.का.गर्नु हुन, नेप्से ।

भवदीय,

कुलचन्द्र रिजाल
वरिष्ठ अधिकृत
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025